लेखापरीक्षण प्रतिवेदन

घरपझोङ गाउँपालिका, मुस्ताङ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

घरपझोङ गाउँपालिका, मुस्ताङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/196

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
मुस्ताङ।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषकोवार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएकोएकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनकोकैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेकपेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तर्फको रु. १,८२,२४,६५०।- लाई सुत्रमा समावेश गरेको छैन।

२. यस गाउँपालिकाको ५६ करोड २६ लाख ३८ हजारको लेखापरीक्षण गरिएकोमा रु.१ करोड ३९ लाख ८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट फछ्र्यौटका लागि पेस नभएको र बाँकी बेरुजु रु.१ करोड ३९ लाख ८ हजारमध्ये असुल गर्नुपर्ने रु.९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड ११ लाख १७ हजार र नियमित गर्नुपर्ने रु. २७ लाख रहेको छ। गत वर्षसम्म रु. ९ करोड ७६ लाख ६६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ९८ लाख ५२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने तहाँ पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्‍वस्त छौं।

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्‍वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्‍वस्तताले उच्च स्तरको आश्‍वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्‍चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राजेन्द्र राज ओझा)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्योट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७१	१३	१३९०८०२१	०	०	०	०	७१	१३	१३९०८०२१	९०५०५	२७०००००	१११७५१६	०	०	१३८१७५१६	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मुस्ताङ	९७६६६०००	०	१७२२०००	९५९४४०००	०	१३९०८०२१	१०९८५२०२१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९/८०	४०	जफत रकम	१७२२०००.०

(८०४४१५०१३०० - घरपझोङ गाउँपालिका, मुस्ताङ)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेकोछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५। ०९ देखि २०८१।५।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ जम्मा रु. ५६२६३८००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

सि.नं.	विवरण	रकम रु.	सि.नं.	विवरण	रकम रु.
१	गत वर्षको रकम		१	गाउँपालिका चालु खर्च	६१९७८४९२.३४
	१.१ संचित कोषमा अ.ल्या रकम	७८९७६०१५.३०	२	गाउँपालिका पूँजिगत खर्च	४८४१६७७७
	१.२ धरौटी खाता	१४५८०९५२	३	संघीय सरकारबाट प्राप्त अनुदानको खर्च	
	१.३ प्रको- व्यवस्थापन कोष खाता	९३५२६		३.१ संघीय सशर्त चालु खर्च	९०५९६५७९.९५
	१.४ आकस्मिक कोष खाता	१९२०२२५		३.२ संघीय शसर्त पूँजिगत खर्च	११९३६९७४०
	१.५ विविध खर्च खाता	१३३५५५७		३.३ संघीय शसर्त विशेष अनुदान खर्च	११७९००८४
	१.६ विविध कोष खाता	८५७८९८	४	प्रदेश सरकारबाट प्राप्त अनुदानको खर्च	
२	राजस्व तर्फ (आन्तरिक आय)			४.१ प्रदेश शसर्त चालु खर्च	२५५०४७४
	२.१ आन्तरिक राजस्व	११४६०४०२.६४	५	सामाजिक सुरक्षा तथा संरक्षण	१८२२४६५०
	२.२ राजस्व बाँडफाँड संघ	३६६००९४३.०४	६	प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सुचना प्रविधि अधिकृत तलब)	२६९०१०
	२.३ राजस्व बाँडफाँड प्रदेश र स्थानीय	२८२६३४७	७	अनुदान फिर्ता	
३	संघीय सरकारबाट हस्तान्तरण			७.१ संघीय सरकारबाट प्राप्त अनुदान फिर्ता	११८६९५९६.०५
	३.१ समानिकरण अनुदान	६५४७२०००		७.२ प्रदेश सरकारबाट प्राप्त अनुदान फिर्ता	३५०००००
	३.२ शसर्त अनुदान चालु	९७३२६०००	८	विभिन्न कोष खाताहरुबाट खर्च	
	३.३ शसर्त अनुदान पूवजिगत	२०३०००००		८.१ धरौटी रकम फिर्ता	२९१३६३५
	३.४ विशेष अनुदान पूवजिगत	१६००००००		८.२ विविध खर्च खाता बाट खर्च	७१४५७२०
४	प्रदेश सरकारबाट हस्तान्तरित			८.३ विविध कोष खाताबाट खर्च	४००००
	४.१ समानिकरन अनुदान	५०१४५००		८.४ आकस्मिक कोष खाता बाट खर्च	८११०५२
	४.२ शसर्त अनुदान	२५००४००	९	मौज्दात रकम श्रेष्ता/बैंक अनुसार	
	४.३ समपुरक अनुदान	३५०००००		९.१ संचित कोष खाता	८९६३५८५४.३७
५	अन्तरसरकारी हस्तान्तरण			९.२ धरौटी खाता	१५२८५५५७
	५.१ सामाजिक सुरक्षा तथा संरक्षण	१८२२४६५०		९.३ प्रकोप व्यवस्थापन कोष खाता	९३५२६
६	धरौटी प्राप्ती	३६१८२४०		९.४ आकस्मिक कोष खाता	३१०९१७३

७	विविध खर्च खातामा प्राप्त	६३०८४५९.९८		९.५ विविध खर्च खाता	७६७३०६.९८
८	विविध कोष खातामा रकम प्राप्त	३०२३१०		९.६ विविध कोष खाता	११२०२०८
९	आकस्मिक कोष खातामा आम्दानी	२००००००			
जम्मा रकम		३८९४८७४३५.६९	जम्मा रकम		३८९४८७४३५.६९

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । सामाजिक सुरक्षा तर्फको रु. १,८२,२४,६५०।- आर्थिक विवरणमा समावेश गरेको छैन । सबै आर्थिक कारोबार सुत्रमार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले कर्मचारी कल्याण कोष स्थापना गरी रकम जम्मा गरेको छैन।

५ **फरक अभिलेख आम्दानी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाले गण्डकी प्रदेश सरकार बाट प्राप्त शशर्त अनुदानतर्फ कुल रकम रु.२५,००,४००।–मात्र निकासा प्राप्त गरेकोमा रु.२५,५०,४७४ आम्दानी बाँधी रु. ५०,०७४।– बढी खर्च गरेको छ।

६ **अनुदान निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९(२) मा ऐन बमोजिम स्वीकृत वजेट तथा कार्यक्रमको अधिनमा रही वजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बवन्धित लेखाउत्तरदायी अधिकृत र मातहत जिम्मेवार व्यक्तिको हुने उल्लेख छ ।पालिकाका लागि सङ्घीय सरकार राष्ट्रपति महिला शसक्तिकरण कार्यक्रमबाट रु.८ लाख ९० हजारको कार्यक्रम स्वीकृत गरी पठाएकोमा खर्च गरेको छैन ।स्वीकृत वजेट तथा कार्यक्रम सञ्चालनमा सुधार गरी निर्धारित लक्ष्य प्राप्तिमा सुधार गर्नुपर्दछ ।

७ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२)मा स्थानिय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकीए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र

व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शीर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।

• वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको देखिएको।

९ प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६७ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ५५ मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१० वडा सचिव पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

रिक्त पदहरुको पदपूर्ति गरी सेवा प्रबाह प्रभावकारी बनाउनु पर्दछ ।

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त संख्या
५	५	१	४

११ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आय रु. १,१४,६०,४०२।६४, राजस्व बाँडफाँड संघतर्फ रु.३६६,९४३।०४ तथा प्रदेश तर्फको सवारी साधन कर बाँडफाँड र स्थानीय घर जग्गा रजिष्ट्रेशन कर/मालपोत कर गरी रु.२८,२६,३४७।० र अनुदानबाट

रु.२१,०१,१२,९००।० समेत गरी रु.२६,२०,५९२।७० आम्दानी भएकोमा चालुतर्फ रु.१५,५१,२५,५४६।२९ र पूँजिगततर्फ रु.७,९५,९६,६०१।० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.८८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ७०,०३,४०५।० खर्च भएको छ जुन आन्तरिक आयको ६१ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट पालिकातर्फ चालु ७८.१९ र पुँजीगत ७८.५४ प्रतिशतमात्र खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१२,१७,५६,४०३.९५	१,१४,८०,३३९.६४	९.४३%

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९.४३ प्रतिशत मात्र रहेको छ।त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	असार महिनाको खर्च
पूँजिगत खर्चतर्फ	७९५७६६०१	१२६७२०५	१००५९९४६	४३२८६५८	६३९२०७९२	५३७३६९७५
प्रतिशत	१००	१.५९%	१४.२३%	५.४४%	८०.३३%	६७.५३%

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक पूँजिगत बजेट रू.१० करोड ५३ लाख ४२ हजार मध्ये ७ करोड ९५ लाख ७६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१२ लाख ६७ हजार अर्थात १.५९ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.१ करोड ५९ हजार अर्थात १४.२३ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ४३ लाख २८ हजार अर्थात ५.४४ प्रतिशत र चौथो त्रैमासिकमा रु.६ करोड ३९ लाख २० हजार अर्थात ८०.३३ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र चौथो त्रैमासिकको ६७.५३ प्रतिशत खर्च भएको छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

१४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

सि.नं.	क्षेत्र।उपक्षेत्र	बजेट	खर्च	प्रतिशत
१	आर्थिकविकास	२८६७३६७५	१८४७६३७५	६.०८
२	सामाजिकविकास	१०६२७३२५७	१०६२७३२५७	३४.९९
३	पूर्वाधारविकास	६७००३६७५	४९९६८६१७	१६.४५
४	कार्यालयसञ्चालनतथाप्रशासनिक	८६७३५०००	५३११०२३९	१७.४९
५	सुशासन तथा अन्तरसम्वन्ध	७७२२६७५	६८७३६५८	२.२७
	जम्मा	३०,३७,२०,७००	२३,४७,०२,१४७	७७.२८

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३४.९९ प्रतिशत सुशासन तथा अन्तरसम्वन्ध क्षेत्रमा सबै भन्दा घटीमा २.२७ प्रतिशत रहेको छ ।

१५ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री जमुना थापा मगर ले मिति २०८०/०३/०६ गते रु. २९ करोड ९६ लाख ५९ हजार ७०० को बजेट सभा समक्ष पेस गरेकोमा मिति २०८०/०३/०७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०/०३/३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१६ **सेवाप्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ:

विवरण	जम्मा
पञ्जिकरणतर्फ	१०३
जन्मदर्ता	४३
मृत्युदर्ता	१६
बसाईसराईदर्ता	६
विवाहदर्ता	३३
सम्बन्धविच्छेददर्ता	५

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनको विवरण लेखापरीक्षणको समयमा पेस भएन ।पालिकाको वार्षिक क्रियाकलापको अभिलेख व्यवस्थित नगरेको कारण घरजग्गा सिफारिस, नक्सा पास, व्यवसयाय दर्ता लगायत विवरण लेखापरीक्षणमा पेस भएको छैन । प्रत्येक शाखा प्रमुखलाई जिम्मेवार बनाई पालिकाको अभिलेख चुस्त दुरुस्त राख्नुपर्दछ ।

१७ **राजश्व अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकार क्षेत्रसम्बन्धी व्यवस्था छ। कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले नगदी रसिदको प्रयोग नगरी अनलाइन राजश्व सफ्टवेयर प्रणालीमार्फत् पालिका र वडाहरुबाट मालपोतलगायतका देहायअनुसार राजश्व संकलन गरेको छ।

राजस्व शिर्षक नम्बर	वर्ग	रकम
११३१३	भूमि तथा सम्पत्ति कर	
११३१४	भूमि कर	३८३८१८
नगदी सेवा		११०९६५२१.६४
१४२१२	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	३१०९३०६.२
३३३६६	दहत्तर बहत्तर शुल्क	६९०९०
११६३१	कृषि तथा पशुजन्य व्यवसायको कारोबारमा लाग्ने कर	८०६१३५
११३१३	व्यक्तिगत। सम्पत्तिमा लाग्ने कर	१९५६००
११३१७	घर।बहाल कर	२८६४७२८.६७
१४६११	व्यवसाय कर	२७०००५०
१४२४३	सिफारिस दस्तुर	३६५७००
१५१११	बेरुजु	२५९२८७.५
१४२४४	परीक्षा शुल्क	१०८००
११६९१	व्यक्तिगत घटना दस्तुर	३३०००
१४२४९	अन्य कर	१६६९००
	सिनेमा डकुमेन्ट्री कर	२००००
१४२४५	अन्य दस्तुर	१६९१२३.८२
१४२२९	नाता प्रमाणित दस्तुर	४८०००
१४२४२	अन्य प्रशासनिक सेवा शुल्क	२१७७००
१४२५३	नक्सापास दस्तुर	५७७००.४५
१४२४५	व्यवसाय रजिस्ट्रेशन दस्तुर	३४००
	जम्मा	११४८०३३९.६४

पालिकाको वार्षिक खर्चको तुलनामा आन्तरिक आय अत्यन्त न्युन रहेको छ। पालिकाले करको नयाँ स्रोतहरु पहिचान गरि सोको दायरा विस्तार गर्न तर्फ ध्यान दिनु पर्दछ।

१८ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा पालिकालाई प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको

खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

२० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ७६ योजनामा वजेट विनियोजन गरेको छ।

किसिम	रू. १ लाख सम्मका	रू. १ लाखदेखि २ लाखसम्म	रू.२ लाखदेखि ५लाखसम्म	रू. ५लाखदेखि १० सम्मका	रू. १० लाखभन्दा बढीको	जम्मा
पालिकास्तर	३	२	६	८	८	२७
वडास्तर	१०	८	१५	१२	४	४९

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

२१ **पालिका बैठक तथा निर्णय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ मा स्थानीय सरकारको सभा सञ्चालन सम्बन्धी व्यवस्था भएबमोजिम २ वटा सभा सञ्चालनबाट वजेट पास गर्ने तथा कार्यपालिकाको निर्णय अनुमोदन गर्ने कार्य भएको छ । त्यस्तै यो वर्ष कार्यपालिकाको १४ बैठकबाट १६५ निर्णय भएकोमा प्रत्यक बैठकमा अघिल्लो बैठकको निर्णय कार्यान्वियन एजेण्डा समावेश गरेपनि र निर्णयको उपलब्धी समीक्षा गरेको छैन ।संघ तथा प्रदेश सरकारमा योजना माग गर्ने, अधुरा निर्माण कार्यको समीक्षा गर्ने, स्वीकृत कार्यक्रम सञ्चालनमा देखिएको समस्यामा छलफल गर्ने लगायत कार्यहरु भएपनि उपलब्धी समीक्षा गरेको छैन । कार्यापालिका तथा सभाबाट भएका निर्णयहरु प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

२२ **आर्थिक सहायता**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन।बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च आर्थिक सहायता प्रदान गर्ने,

यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। नमुना छनौटको आधारमा पालिकाको चालु खर्च परीक्षण गर्दा तीज पर्व, महायज्ञ जस्ता कार्यमा आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्दा मापदण्ड र कार्यविधि वनाएर वितरण गर्नुपर्दछ।मापदण्ड र कार्यविधि बेगर आर्थिक सहायत वितरण गरेको केही उदाहरण यस प्रकार छनः

गो.भौ.नं / मिति	विवरण (भुक्तानीपाउने)	रकम
३६३/२०८१-३-१५	विधार्थीहरुलाई स्टेशनरी खरिद तथा वितरण	३९८,२१२/-
६७/ २०८०-६-३०	"तीज साँस्कृतिक महोत्सव, २०८०"पर्यटन व्यवसायी महिला संघ, नेपाल (TEWAN)	५०,०००/-
२०७/ २०८०-१२-१३	बाग्लुङ्ग पन्चकोट महायज्ञको लागि धुप खरिद	१४,४००/-

२३ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले यो वर्ष ११ कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरी कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। उक्त सबै कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

२४ न्यायीक समिति विवरण

न्यायीक समितीबाट सम्पादन गरिएको कार्य देहाए बमोजिम रहेको छ।समितिले समयमै सम्पुर्ण उजुरीको फछ्र्यौट गर्नुपर्दछ।

क्र.सं.	उजुरिको प्रकार	गत वर्षको बाँकी	यस वर्ष थप	जम्मा	यो वर्ष फछ्र्यौट	फछ्र्यौट हुन बाँकी	समयमानै फछ्र्यौट हुनुको कारण
१	रकम लेनदेन	१	०	१	१	०	मिलापत्र
२	जग्गा विवाद		१	१		१	

२५ धरौटी सदरस्याहा

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यलयमा निवेदन दिनुपर्ने व्यवस्था छ। पालिकाको गत विगतका पुराना धरौटीहरु रु.७३,३००।० अल्या सार्दै आएकोले प्रयोजन समाप्त भएका धरौटीको अवस्था यकिन गरी कानूनी प्रकृया पुर्‍याई धरौटी खाता व्यवस्थित गर्नुपर्ने देखिन्छ।

२६ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाई आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै आम्दानी वाँध्ने गरेकोले गाउँपालिकाको मुल जिन्सी खातामा उक्त सामान आम्दानी बाँधेको देखिएन। पालिकाले नियमानुसार जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२७ एम्बुलेन्स सेवा

पालिकाको एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन गरी सेवालाई निरन्तरता दिने जिम्मा एम्बुलेन्स व्यवस्थापन समितिले आवश्यक पहल गर्ने भनिएको छ।पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष जम्मा ५ पटक मात्र एम्बुलेन्स सञ्चालन गरी रु.१,२००।० आम्दानी गरेकोमा मर्मत सम्भार तथा सञ्चालनमा रु. १,३२,७००।० खर्च भएको देखिन्छ।पालिकाले एम्बुलेन्स सेवालाई चुस्त दुरुस्त राखि आम्दानी खर्च सन्तुलन हुनेगरी प्रयाप्त उपयोग गर्नु पर्दछ।

२८ **अनुत्पादक कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले पोखरामा आयोजित तीज कार्यक्रममा, पालिका अध्यक्ष र उपाध्यक्षको कार्यकक्षमा राख्न बुट्टेदार फ्रेम खरिद गर्ने जस्ता कार्यक्रममा खर्च गरेको पाइयो। कार्यविधि वेगर यस्ता अनावश्यक कार्यक्रममा खर्च गर्दा पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ।

२९ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. ७ लाख १२ हजार खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

३० **बजार अनुगमन**

पालिकाबाट गरिने बजार अनुगमन सम्बन्धी निर्देशिका २०७५ को दफा १४ को उपदफा (क) देखि (ठ) सम्म व्याबससाय शिल गर्ने देखि उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरुप नमुना संकलन गर्ने, उपभोग्य बस्तुको विक्री वितरण गर्ने र सिलबन्दी गर्नुपरेमा खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २८ र २९ अन्य प्रचलित कानुन अनुसार गर्नु पर्ने व्यबस्था छ । पालिकाले २०८०।०६।२९ मा खाद्य स्टोर, किनारा स्टोर, तरकारी पसल र मासु पसलको अनुगमन गरेको अनुगमन प्रतिवेदनबाट देखिएको छ । उक्त पसलहरुबाट जफत सामान नष्ट गर्ने बाहेक अन्य काम भएको छैन । साथै निर्देशिका अनुसार अनुगमन समितिले बजार अनुगमन सम्बन्धी नीति तयार गरी कार्यान्वियन गरेको देखिएन । साथै कैफियत देखिएको व्यवसाय/फर्मलाई कानुनी कार्बाही गरेको देखिएन । यसबाट पालिकाको अनुगमन प्रभावकारी देखिएको छैन । बजार अनुगमन प्रभावकारी बनाई कनून बमोजिम कारबाही गर्नु पर्दछ ।

३१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

३२ **योजना छनौट**

स्थानीय तहको वार्षिक वजेट तथा योजना योजना छनौट दिग्दर्शन, २०७४ को ४ मा स्थानीय तहले वार्षिक वजर्ट तर्जुमा गर्दा संघ, प्रदेश सरकारको नीति, लक्ष्य, उद्धेश्य र सिमा एवं आवधिक योजना तथा मध्यकालीन खर्च संरचना समेतको आधारमा वजेट निर्धारण गर्नु पर्ने व्यवस्था छ । पालिकाले उक्त व्यवस्था अनुसार संघ तथा प्रदेशको आवधिक योजनासंग सामञ्जस्यता हुनेगरी वजेट तयार गरेको देखिएन । संघीय एवं प्रदेश सरकारबाट पूर्वाधार निर्माणका योजनाहरु छनौट गर्दा योजना बैङ्कमा समावेश भएका योजनामात्र छनौट गर्ने व्यवस्था भएपनि सोसँग सामञ्जस्य हुनेगरी योजना बैङ्क तयार गर्ने, आवधिक योजना बनाई कार्यान्वियन गर्ने गरेको देखिएन ।यसबाट दिग्दर्शनको ५.२.३ मा उल्लेखित राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र आवश्यकतालाई मध्यनजर गरी वजेट निर्धारण भएको देखिएन ।

सघं र प्रदेशको आवधिक योजनासँग सामञ्जस्यता हुनेगरी स्थानीय तहको योजना बनाउने तथा योजना बैङ्कको व्यवस्था गरी योजना छनोटमा सुधार गर्नु पर्दछ ।

३३ **कोल्डस्टोर सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम १० उपनियम(१) को (घ) मा कार्यक्रमका लागि वजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलव्धी प्राप्त हुने, तलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका कार्यक्रम प्रस्ताव गर्नुपर्ने तथा स्थानीय तहको वार्षिक वजेट तथा योजना छनौट दिग्दर्शन, २०७४ को दफा ३ र ४ ले समेत कार्यक्रम छनोट गर्दा प्रतिफलका आधार लाभ लागत बिश्लेषणका आधारमा कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले गतवर्ष रु.९९ लाख ७० हजार लागतमा वडा नं.४ मा उपभोक्ता समितिमार्फत स्याउ वासिङ्ग तथा ग्रेडिङ्ग गर्ने मेशिन सहितको कोल्डस्टोर निर्माणमा गरेकोमा हालसम्म सोको सञ्चालन नगरेबाट उक्त लगानीबाट प्रतिफल प्राप्त भएको देखिएन । योजनाको पूर्वतयारी बेगर भएको सो लगानी सदुपयोगका लागि वडा नं.४ लाई नै हस्तान्तरण गरी परीक्षणको रुपमा सञ्चालन गर्ने कार्यपालिकाबाट २०८०।५।२९ मा निर्णय भएको छ । कोल्डस्टोर सञ्चालनका लागि निर्देशिका एवं कानून समेत तयार नभएबाट उक्त कोल्डस्टोर सञ्चालन गर्ने अवस्था देखिएन । सो लगानीको सदुपयोग गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३४ **फोहोरमैला व्यवस्थापन**

घरपझोङ गाउँपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०७९ को प्रस्तावनामा फोहरमैला स्रोतमा न्यूनीकरण, पुनः प्रयोग प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्ने उल्लेख छ।पालिकाले यो वर्ष ३,००० थान रिसाईकल झोला खरिदमा रु.१,३५,०००।– खर्च गरेको छ । रिसाईकल झोलाको प्रयोगले प्लाष्टिक झोला बिस्थापनमा केही सहयोग हुने भएतापनि फोहोरमैलाको दीर्घकालीन समाधानका लागि स्रोतमा न्यूनीकरण, पुनः प्रयोग प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थापनमा ऐन बमोजिम कार्यविधि बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गत दर्ता रहेका ८ वटा सहकारी एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला नगरेकोमा पालिकाबाट अनुगमन निरीक्षण गरेको देखिएन । पालिकाले ऐन, नियममा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन निरीक्षण कार्यलाई निरन्तरता दिई सहकारीको क्रियाकलाप व्यवस्थित गर्नु पर्दछ ।

३६ **स्थानीय भत्ता**

स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ७६(१) अनुसार कुनै कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउने तथा काज वा अन्य तवरले कुनै भत्ता नपाउने वा कम पाउने स्थानमा बसी काम गरेमा निजले सो अवधिभर स्थानीय भत्ता नपाउने व्यवस्था छ।श्री जनवाल माध्यमिक विद्यालयमा कार्यरत विज्ञान शिक्षक श्री सुस्मिता रम्तेलले २०८०।०८।२९ मा हाजिरी गरेको तथा उपनियम २ अनुसार दावी गर्न नमिल्ने १५ दिनको स्थानीय भत्ता रु.५,६२५।– बुझिलिएको स्थानीय भत्ता सम्बन्धितबाट असुल गर्नुपर्ने रु...

असुल गर्नुपर्ने	५,६२५

३७ **कर्मचारी प्रोत्साहन भत्ता** (४२१-२०८१-३-२१):

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता दिन अर्थ मन्त्रालयबाट स्वीकृती लिनुपर्ने व्यवस्था छ । गाउँपालिकाको २०८१।०३।१८ को निर्णय नं. ६ अनुसार सार्वजनिक बिदाको दिन तथा कार्यालय समय अगाडि पछाडी कार्यालयमा

काम गरेको तथा फिल्डमा खटिएको समय, कार्यक्षेत्र, कार्यबोझ एवंम् कार्यसम्पादनको स्तरलाई समेत दृष्टिगत गरी कर्मचारीहरुलाई चार महिनासम्म विगत आर्थिक वर्षहरुमा दिईदै आएको मासिक प्रोत्साहन दिने निर्णय अनुसार पालिकामा कार्यरत ४८ जना कर्मचारीलाई थप प्रोत्साहन बापत रु.९,९५,०००।० भुक्तानी गरेको छ। नियमानुसार पालिकाको आन्तरिक आम्दानी समेत विचार गरी सार्वजनिक बिदाको दिन तथा कार्यालय समय अगाडि पछाडी काम गरेको तथा फिल्डमा खटिएको समय, कार्यक्षेत्र, कार्यबोझ एवंम् कार्यसम्पादनको अभिलेख राखि अर्थ मन्त्रालयको स्वीकृती लिई खर्च लेख्नुपर्नेमा अभिलेख तथा स्वीकृती वेगर खर्च लेखेको प्रोत्साहन भत्ता रकम अनियमित देखिएको छ । गतबिगत देखि नै सो व्यहोरा औल्याएकोमा सुधार भएको छैन ।

३८ **कोटशन लिन भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ नियम (३) अनुसार स्वीकृत भ्रमण आदेशमा भ्रमण आदेश गर्दा भ्रमणको उद्धेश्य खुलाउनु पर्ने व्यवस्था छ । गो.भौ.च.नं. १२५ बाट कृषि विकास अधिकृत रोशन थकालीले ५ के.जी. स्याउको कार्टुन खरिदको लागि कोटेसन माग गर्न गएको जनाई दैनिक तथा भ्रमण भत्ता रु.१४,०००/- बुझेको देखियो। कोटेसन माग गर्न भ्रमण खर्च लिई जानु औचित्यपूर्ण नदेखिएकोले सम्बन्धित कर्मचारिलाई जिम्मेवार बनाई उक्त रकम असुल उपर गर्नुपर्ने रु...

असुल गर्नुपर्ने	१४,०००

३९ **भ्रमण खर्च**

गण्डकी प्रदेश अन्तर्गतका गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दाअधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको, कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाउँपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको देखिएकोले भ्रमण खर्च भुक्तानीमा सुधार गर्नुपर्दछ ।

४० **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा नगर सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार गण्डकी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ७० लाख ३ हजार ४०५ सुविधा वापत भुक्तानी भएको छ ।

पद	पत्रपत्रिका इन्टरनेट	टेलिफोन,संञ्चार	अतिथि सत्कार	अनुगमन खर्च	यातायात	समन्वय र सहजिकरण	चाडपर्व खर्च	जम्मा सुविधा
अध्यक्ष	६००००	६००००	१२००००	१०८०००	१४४०००	८४०००	२५०००	६०१०००
उपाध्यक्ष	४८०००	४८०००	८४०००	१२००००	१४४०००	८४०००	२५०००	५५३०००
वडा अध्यक्ष ५ जना	२१००००	२१००००	३६००००	३६००००	९००००	१५००००	१०००००	१४८००००
का.पा.सदस्य ६ जना	२१६०००	२१६०००	२८८०००	३९६०००	१०८०००	१८००००	१०८०००	१५१२०००
सभा सदस्य जना १३	३१२०००	३१२०००	३९००००	४६८०००	२३४०००	१५६०००	१९५०००	२०६७०००
जम्मा	८४६०००	८४६०००	१२४२०००	१४५२०००	७२००००	६५४०००	४५३०००	६२१३०००
आ.व.२०८०/०८१ को पदाधिकारी सेवा सुविधामा कुल रकम रु.७०,०३,४०५।– खर्च भएको (कुल रकममा कार्यपालिका बैठक तथा वडा समिति बैठक र बिमा बापतको रकम समेत समावेश रहेको छ।)								

४१ गाडी खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले यो वर्ष सङ्घीय सरकारको समानिकरण अनुदानबाट रु.९ लाख ९८ हजार, गण्डकी प्रदेश सरकारको समानिकरण अनुदानबाट रु.४१ लाख ९१ हजार र आन्तरिक स्रोतबाट रु.३८ लाख ९ हजार गरी रु.८९ लाख ९५ हजारको महेन्द्र स्कार्पियो गाडी खरिद गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक स्रोतसमेतलाई आधार लिई आवश्यकताका आधारमा मात्र सवारी साधन खरिद गर्नु पर्दछ ।

४२ मार्फा-छैरो बेलीब्रिज

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम १ मा सार्वजिनक निकायले खरिदका लागि आवश्यक वजेटको व्यवस्था नभई खरिद कारबाही सरु गर्नु नहुने व्यवस्था छ। पालिकाले तयार गरेको मार्फा-छैरो बेलिब्रिज निर्माणको बिस्तृत आयोजना प्रतिवेदन अनुसार रु.३,६४,९०,५७९।– लागत लाग्ने अनुमान रहेको निर्माण कार्यका लागि यो वर्ष सङ्घीय सरकारबाट प्राप्त बिशेष अनुदानबाट रु.८० लाख वजेट प्राप्त भएको आधारमा २ वटा ग्याबियन एम्वुटमेन्टमात्र तयार गर्ने गरी बोलपत्रमार्फत खरिद कार्य सुरु गरेको पाइयो । सारभूत रुपमा प्रभावग्राही न्यून बोलपत्रदाता शशी निर्माण सेवासँग २०८१।३।१० सम्ममा निर्माण सम्पन्न गर्नेगरी २०८०।११।२९ मा मूल्य अभिबृद्धि करसमेत रु.५५,९९,४९१।– को सम्झौतामा भएको देखियो ।एम्बुटमेन्ट निर्माणको क्रममा खोलामा आएको बाढीले एम्बुटमेन्टमा क्षति पुग्ने अवस्था देखिएकोले एम्बुटमेन्टको बाँकी काम अधुरो राखि रिभरट्रेनिङ्ग वर्क्सका लागि नयाँकाम गराई रु.५५,९२,७४०।– भुक्तानी गरेको छ ।

उक्त बेलिब्रिजलाई क्रमागत राखि यो वर्ष स्टिल पार्ट्स तथा बाँकी काम गराउने पालिकाले जनाएता पनि स्रोत सुनिश्चितता नहुँदा सो पुलको निर्माण तथा खरिदको एकमुष्ट ठेक्काको लागत तयारी एवं खरिद कार्यमा कठिनाई देखिएको छ ।वजेट सुनिश्चितता नगरी एकै पुल निर्माणको लागि टुक्रा गरी खरिद गर्ने गरी लागत अनुमान तयार गर्ने, सम्झौता भन्दा अन्य कार्य गराई भुक्तानी गर्ने गर्दा खरिद नियमको पालना भएको देखिएन । सम्झौता बमोजिम पटक पटक कार्य सम्पन्न प्रतिवेदन तयार नहुनेगरी खरिद कार्यमा सुधार गरी बिस्तृत आयोजना प्रतिवेदन अनुसार बाँकी कामका लागि वजेट व्यवस्था गरी अधुरो निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

४३ जोमसोम महिला समुह भवन निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३(ख) मा उपभोक्तामार्फत गरिने कामको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, सल्लाह दिने लगायत सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने कार्य सम्बन्धित सार्वजनिक निकायको हुने व्यवस्था छ ।पालिकाले जोमसोम महिला समुहको भवन निर्माणमा गतवर्ष रु.१६ लाख यो वर्ष रु.१४ लाख खर्च लेखेकोमा सो भवन मापदण्ड विपरित काली गण्डकी खोला किनारमा निर्माण गरेको देखियो ।घरजग्गा सिफारिस तथा नक्सापास गर्ने पालिकाको नियमित काम भएपनि पालिकाबाटै प्राविधिक सल्लाह, डिजाइन स्वीकृत भएको सो भवनको जग्गाधनी पूर्जा, स्वमित्व, नदिकटान सुरक्षा संरक्षण कार्य लगायतमा पालिकाको ध्यान जान सकेको देखिएन । विश्वव्यापी रुपमा भएको वातावरणीय परिवर्तनका कारण हुने नदिको बहावमा आएको परिवर्तन अनुसार सो भवनको दीर्घकालीन उपयोग हुने स्पष्ट छैन ।पालिकाले सो भवनमा भएको लगानी र सोको प्रभावकारी उपयोग सम्बन्धमा उपयुक्त निर्णय लिनुपर्दछ ।

४४ **खेलग्राम (कभर्डहल निर्माण)**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ उपनियम (१) सार्वजनिक निकायले खरिदको लागि आवश्यक वजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने व्यवस्था छ । पालिकाले २०७६।७७ मा पोखराको रङ्गशालालाई आधार लिई कुल रु.६ करोड १८ लाख ५० हजार लागत अनुमान स्वीकृत गरी निर्माण कार्य सुरु गरेकोमा आर्थिक वर्ष २०७६।७७ देखि यस वर्षको रु.३५ लाख ४२ हजार समेत संङ्घीय सरकारबाट रु.६८ लाख ५७ हजार, प्रदेश सरकारबाट रु.१ करोड ४८ लाख ४१ हजार र स्थानीय सरकार (घरपझोङ गाउपालिका) बाट रु.२८ लाख ३० हजार समेत हालसम्म(५ वर्षमा) रु.२ करोड ४५ लाख २८ हजारमात्र खर्च भएको छ । वजेट सुनिश्चितताबेगर निर्माण सुरु भएको उक्त रङ्गशाला सुरुवर्षमा उपभोक्ता समितिमार्फत, दोस्रो वर्ष खेलकुद विकास समितिमार्फत तेस्रो वर्ष निर्माण व्यवसायीमार्फत चौथो वर्ष उपभोक्तामार्फत र हाल निर्माण व्यवसयीमार्फत निर्माण कार्य गराएको छ ।रङ्गशाला जस्तो जटिल संरचना निर्माणमा प्राविधिक दृष्टिकोणबाट समेत एकमुष्ट निर्माण गर्नुपर्नेमा सालबसाली टुक्र्याई खरिद गरेको तथा सङ्घ, प्रदेश र स्थानीयतहको सरकारबाट लगानी भएपनि पर्याप्त वजेट अभावका कारण निर्माण सम्पन्न हुन कठिनाई देखिएको छ । निर्माण कार्यको लागि स्रोत सुनिश्चितताका साथै रङ्गशालाको आवश्यकता तथा भौगोलिक अवस्थिति अनुसार डिजाइन नहुँदा रङ्गशालाको प्यारापिट, छाना लगायत संरचना निर्माण गर्न कठिनाई देखिएको छ । निर्माण गुणस्तर तथा आवश्यक वजेटको उपयुक्त व्यवस्था मिलाई बाँकी काम सम्पन्न गरी उद्धेश्य अनुसार रङ्गशाला सञ्चालन गर्नुपर्दछ ।

४५ **म्याबिन जाली खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।पालिकाले बिपद व्यवस्थापनका लागि आपुर्तिकर्ता मुस्ताङ्ग जि.आई वायर इण्ड्रस्ट्रिज एण्ड सप्लायर्स प्रा.लिबाट २×१×१ को १६९ थान ग्याबिन जाली खरिद गरी रु.५,९०,९५६।– भुक्तानी गरेकोमा सो जाली प्रयोग भएको प्रमाण संलग्न नगरेकोले खरिद भएका जाली प्रयोग भएको प्रमाण पेस गर्नुपर्ने रु....

प्रमाण पेश नगरेको	५,९०,९५६

४६ **काठे पुल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम(१)(ख) मा प्राविधिक नाँपजाच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनका आधारमा बिल वीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले जोमसोम बजारस्थित पुरानो काठे पुल भएको स्थानमा नयाँ काठे पुल निर्माण गर्न रु.१२,७१,१७०।- खर्च लेखेकोमा विविध कामको भुक्तानी गर्दा रङ्गरोगन कार्यको रु.८४,६२५।० बत्ती सजावट रु.३५,०००।० कार्य नभएकोमा लेखापरीक्षण भएपश्चात काम गराएको छ । सो बाहेक ड्रेनेजको रु.५,०००।- को काम हालसम्म नभएकोले नगरेको कामको नाँपीमा चढाई भुक्तानी दिने प्राविधिकलाई जिम्मेवार बनाई उक्त रकम असुल फिर्ता गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,०००

४७ **ग्रेडिङ्ग मेशिन स्पशिफिकेशन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५क. मा सार्वजनिक निकायले मालसामान खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिम स्पशिफिकेशन, बिशेष आवश्यकता वा अन्य विवरण तयार गरी नियम १४ बमोजिम तोकिएको अधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने व्यवस्था छ ।पालिकाले स्याउग्राम निर्माण गर्दा गतवर्ष खरिद भएको मेशिनको मूल्य रु.१४ लाख ५० हजारलाई लागत कायम गरी स्याउ ग्रेडिङ्ग गर्ने मेशिन खरिद समेत भवनको लागत आइटममा समावेश गरी रु.१४ लाखमा निर्माण व्यवसायीमार्फत आपूर्ति भएको पाइयो । भवन निर्माण र स्याउ वासिङ्ग तथा ग्रेडिङ्ग गर्ने मेशिनको लागत एकै प्रकारको नहुने तथा उपभोक्ताबाट खरिद भएको दरलाई बोलपत्रको लागत मान्न नसकिने तथा स्पेशिफिकेशन बेगर खरिद कार्यमा भएको भुक्तानी नियमित नदेखिएको रु...

अनियमित भएको	१४,००,०००

४८ **नमुना विद्यालयलाई निकासा**

(गो.भौ.नं२७, २०८१।३।१४)कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार विद्यालय भौतिक पूर्वाधारतर्फ निकासा भएको रकम सम्बन्धित निर्माण कार्यमा खर्च गर्नुपर्ने हुन्छ। साथै नमूना विद्यालयतर्फको भौतिक पूर्वाधार र अन्य व्यवस्थापन खर्च सम्बन्धित शीर्षक र प्रयोजनमा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । सङ्घीय सरकारबाट जनहित माध्यमिक विद्यालयका लागि भौतिक संरचना निर्माण कार्यका लागि प्राप्त शसर्त अनुदानबाट गुरुयोजना बमोजिम निर्माण कार्य सम्पन्न गर्न गतवर्ष भुकतानी लिएको रकमबाट रु.२८,१६,०२६।१४ गण्डकी प्रदेश सरकारको बिशेष अनुदानबाट निर्माण भएको अधुरो भवनको तला थप गर्ने कार्यपालिकाको २०८०।१२।२२ को निर्णय नं.१३ अनुसार खर्च गरेको छ ।प्रदेशबाट निर्माण भएको प्राविधिक धारको विद्यालय भवन निर्माणमा संङ्घीय वजेटको रकम रकमान्तर कार्यपालिकाबाट गर्न मिल्ने देखिदैन । पालिकाले स्वीकृत गुरुयोजना बमोजिम भौतिक पूर्वाधार निर्माणका लागि जनहित माध्यमिक विद्यालयलाई यो वर्ष थप रु.१ करोड निकासा दिएकोमा खर्च पुष्टि हुने बिलभरपाई, कार्यसम्पन्न प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिको निर्णय लगायत कागजात संलग्न भएको नदेखिएकोले खर्च प्रमाणित हुने कागजात पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,००,०००

४९ निर्माण कार्यको गुणस्तर

निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ। खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलव्ध गराउनु पर्दछ र सो योजनालाइ परीक्षण गरी प्रमुखवाट स्वीकृत गराई सोही अनुसार गुणस्तर प्रक्रिया संचालन गर्नुपर्दछ। पालिकाले निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण योजना पेश गर्न लगाई गुणस्तरीय निर्माण कार्य सम्पादन गर्नुपर्ने देखिन्छ।

५० परामर्श तथा डीपीआर खर्च

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा ऐन बमोजिम कार्यविधि पुरा गरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ ।ऐनको सो प्रावधानमा रहि सार्वजनिक खरिद नियमावलीको परिच्छेद-६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था भएअनुसार प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष मार्फा-छैरो वेलिब्रजको विस्तृत आयोजना तयार गर्ने प्रयोजनका लागि क्ले इन्जिनियरिङ्ग लाई ४,९२,६८०।० भुक्तानी गरी उक्त पुल निर्माण ठेक्का सम्झौता गरेको छ। पालिकाको जनशक्तिबाट हुने काममा परामर्श खरिद गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।

५१ साउना तथा ज्याकुजी बाथ घर

स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को ३ मा गाउँपालिका वा नगरपालिकाले बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने लगायत आधारहरु कायम गरी वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु निर्धारण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष जेष्ठ नागरिकका लागि साउना तथा ज्याकुजी बाथ घर निर्माणमा रु.१३ लाख २० हजार खर्च गरेकोमा सो भवन सञ्चालनमा ल्याएको देखिएन ।प्रतिफलयुक्त योजना छनोट गर्नुपर्नेमा पालिकालाई दीर्घकालीन आर्थिक दायित्व बढ्नेगरी निर्माण गरिएको सो भवन व्यवस्थापन तथा सञ्चालन गर्न आवश्यक कार्यविधि निर्धारण गरेको छैन ।जेष्ठ नागरिकका लागि निर्माण गरिएको सो भवनमा आवश्यक स्रोत तथा जनशक्ति व्यवस्था गरी उद्धेश्य अनुसार भवन उपयोग गर्नुपर्दछ ।

५२ शिक्षा तर्फ

५२.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकामा ६ वटा आधारभूत विद्यालय र २ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन।सञ्चालनमा रहेका ०८ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार अनुसूचीमा संलग्न रहेको छ। तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ।

विद्यालयको नाम	दरबन्दी	पदपूर्ति			विद्यार्थीको संख्या
		स्थायी	अस्थायी	रिक्त	
जनहित माध्यमिक विद्यालय	२८	१८	१०	०	३५१
जनवला माध्यमिक विद्यालय	१७	१२	५	०	२३५
जनकल्याण आधारभूल विद्यालय	१०	७	२	१	९२
निलगिरी आधारभूत विद्यालय	२	१	०	१	२
मुक्तिनमुना आधारभूल विद्यालय	५	५	०	०	२३
छैरो आधारभूत विद्यालय	३	३	०	०	८
ढुम्बा आधारभूत विद्यालय	३	२	१	०	८
नमुना आधारभूत विद्यालय	५	४	०	१	२०
जम्मा	७३	५२	१८	०३	७३९

पालिकाको कुल दरबन्दीमा ७२ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ। पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि तथा रित पदपूर्तितर्फ ध्यान दिनुपर्ने देखिन्छ। विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

५२.२ **पाठ्यपुस्तकः**कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.८.३. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ। अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा १-१० का लागि तेस्रो त्रैमासिक भित्र पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत र बाँकी २५ प्रतिशत शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले चौथो त्रैमासिकमा सत्यापन गरेको संख्याको सत प्रतिशत विद्यार्थिको लागि एकमुष्ट रु.४,६७,७६५।- निकासा गरेको छ। साथै कक्षा ११-१२ का पाठ्यपुस्तक व्यवस्थाका लागि आर्थिक वर्षको प्रथम त्रैमासिक अनुदान दिनु पर्नेमा गोश्वरा भौचर नं. १४८, २०८१।०३।१९ मा जनहित माध्यमिक विद्यायलाई कक्षा ११-१२ को पुस्तक खरिद गर्न रु. २८,२३५।– निकासा दिएको छ। लेखापरीक्षणको अवद्यि सम्म विद्यालयले पाठ्यपुस्तक खरिद र वितरण गरेको बिल भरपाईको प्रमाण पेस नभएकोले अनुदान वापत प्रदान गरिएको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु..

प्रमाण पेश नगरेको	२८,२३५

५२.३ **हिमाली आवासः** कार्यक्रम कार्यान्यिवन पुस्तिकाको क्रियाकलाप नं. २.८.४ को आवसीय छात्रवत्ति खण्डमा व्यक्तिगत सरसफाईका लागी आवश्यक पर्ने सामाग्रीहरु खरिद गर्न प्रति विद्यार्थी मासिक रु.५००।- को दरले १० महिनाको जम्मा रु. ५,०००।- सम्बन्धित छात्र छात्रालाई भरपाइ गराई अनिवार्य नगद उपलब्ध गराउने व्यवस्था रहेको छ। श्री जनहित माध्यमिक विद्यालयले प्रति विद्यार्थी रु. ५,०००।- को दरले १३० जना विद्यार्थीका लागि रु.६,५०,०००।- निकासा लिएकोमा रु.३,२५,०००।– को मात्र भरपाई पेस भएकोले बाँकी रकम वितरण वा असुल प्रमाण पेस गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	३,२५,०००

५२.४

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणसतरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले २०८१।०३।१७ मा ३०२० थान स्यानिटरी प्याड रु.२,४६,०५०।- (मु.अ.कर समेत) मा खरिद गरि २०८१।०४।१८ मा विद्यालयहरुलाई हस्तान्तण गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानि समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा आर्थिक वर्षान्तमा खरिद गरी विद्यालयलाई वितरण गरेको देखिन्छ। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण र सहि समयमा प्याड खरिद गरि वितरण गर्नुपर्दछ।

५२.५ **विद्यालयगत निकासा रजिस्टर** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले तोकिएको ढाँचामा विद्यालयगत माग र निकासा खुल्ने विवरण तयार गरी राख्नुपर्नेमा सो बमोजिम राखेको पाइएन । यसबाट पालिकाले विद्यालयहरुलाई निकासा दिएको रकम विद्यालयले माग गरे बमोजिम भए नभएको र विद्यालयको माग सही भए नभएको सम्बन्धमा परीक्षण गरी स्पष्ट हुन सकिएन । यसर्थ विद्यालयगत रजिस्टर नहुँदा विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको रकमबीच तुलना गरी भिडान गर्न कठीन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

५२.६ **दिवा खाजा** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागी विद्यायलय अनुदान सम्बन्धी व्यवस्था रहेको छ। स्थानीय तहले दिवा खाजा बापत प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले विद्यालयलाई निकासा गर्ने, उक्त दिवा खाजा व्यवस्थापनका लागि दिवा खाजाको मेनु तयारी बनाउने एवं खाजाको गुणस्तर सम्बन्धमा स्थानीय तहले अनुगमन गर्नुपर्ने व्यवस्था छ। साथै दोस्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणीत गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले अन्तर्गतका ८ वटा विद्यालयहरुमा दिवा खाजा व्यवस्थापन वापत एकमुष्ट रु.१२,४७,२५०।०० चौथो त्रैमासिकमा निकासा गरेको छ। निर्देशिकाले तोके बमोजिम हरेक त्रैमासिकमा निकासा दिने, दिवा खाजाको मेनु तयार एवं यसको गुणस्तर सम्बन्धमा अनुगमन गरेको पाइएन।जसले गर्दा कुन गुणस्तरका खाजा खुवाएको हो सो विषयमा एकिन हुन सकेन।अतः पालिका भित्रका विद्यालयमा संचालित दिवा खाजा कार्यक्रम प्रभावकारी भए/नभएको सो विषयमा अनुगमन गर्नुपर्दछ।

५२.७ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन संलग्न गरेको देखिएन। पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५२.८ **विद्यालयमा प्रोत्साहन अनुदानः** कार्यक्रम कार्यान्वियन पुस्तिका (आ.व.२०८०/८१) को क्रियाकलाप नं. २.८.९ को ९.३ मा स्थानिय तहले शैक्षिक व्यवस्थापकीय सुधार शुसासनमा उत्कृष्ट कार्य गरेको उत्कृष्ट विद्यालय छनोट गरि उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा दिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष श्री छैरो आधारभूत विद्यालयलाई रु.३ लाख र श्री जनवाल माध्यमिक विद्यालयलाई रु.२ लाख अनुदान उपलब्ध गराएकोमा विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनको अनुगमन गरी प्रभाव मूल्याङ्कन गरेको तथा अनुदानको रकम विद्यायलबाट पेस भएको प्रस्ताव बमोजिम खर्च भएको अनुगमन गरेको देखिएन। अनुदान रकम प्रभावकारी सदुपयोग गर्नु पर्दछ।

५३ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ।पालिकाले सङ्घीय सशर्तबाट यस आर्थिक वर्षमा सिलबन्दी दरभाउ पत्रमार्फत् रु. ९,२१६९९।० र सोझै खरिदबाट रु. ७६८६६ को औषधि खरिद गरेको छ । औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए / नभएको, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ।पालिकाले उक्त कार्य नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउँदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको/ नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५४ **पर्यटन सूचना केन्द्र**

स्थानीय तहको वार्षिक वजेट तथा योजना छनौट दिग्दर्शन, २०७४ को ४ मा स्थानीय तहले वार्षिक वजेट तर्जुमा गर्दा संघ, प्रदेश सरकारको नीति, लक्ष्य, उद्धेश्य र सिमा एवं आवधिक योजना तथा मध्यकालीन खर्च संरचना समेतको आधारमा वजेट निर्धारण गर्नु पर्ने तथा पूर्वाधार निर्माणका योजनाहरु छनौट गर्दा योजना बैङ्कमा समावेश भएका योजनामात्र छनौट गर्ने व्यवस्था छ । पालिकाले स्थानीय तहको योजना बैङ्क निर्माण नगरी लाभ लागत आधार बिश्लेषण बेगर रु.२८,०८,६७६/- खर्च गरी पालिका नजिकै पर्यटन सूचना केन्द्र निर्माण गरेकोमा हालसम्म सञ्चालनमा नल्याई बन्द गरी राखेको देखियो । उद्योग, पर्यटन, वन तथा वातावरण कार्यालय, मुस्ताङ्गबाट पुथाङ्ग एयरपोर्टमा समेत पर्यटन सूचना केन्द्रका लागि भवन लगायत पूर्वाधार तयार गरी पालिकालाई हस्तान्तरण गर्ने तयारीमा रहेको छ ।सार्वजनिक जग्गामा दोहोरो निकायबाट पूर्वाधार निर्माण सम्पन्न भएपनि सो सूचना केन्द्रहरु कसरी सञ्चालन एवं व्यवस्थित गर्ने भन्ने निश्चित कार्यविधि तयार भएको देखिएन ।नीतिगत एवं कानूनी प्रक्रिया पुरा गरी तयार भएका पूर्वाधारहरुको प्रभावकारी उपयोग हुने व्यवस्था गर्नुपर्दछ ।

५५ **कैसाङ्ग खोला ठिनी सिंचाइ योजना**

स्थानीय तहको वार्षिक वजेट तथा योजना योजना छनौट दिग्दर्शन, २०७४ को ५.२.३ मा गाऊँपालिका तथा नगरपालिकाले वजेट सीमाको निर्धारण गर्दा गाउँपालिका वा नगरपालिका स्तरका गौरवका आयोजनाहरुको लागि आवश्यक रकम, समपुरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम लगायत प्राथमिकताको आधारमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले गतवर्ष प्रदेश सरकारको बिशेष अनुदानबाट रु.१ करोड खर्च गरी खानेपानी ट्याङ्की, इन्टेक लगायतमा खर्च गरेकोमा उक्त योजनाका लागि यो वर्ष प्रदेश समपुरक अनुदानमा रु.७० लाखमात्र वजेट विनियोजन भएकोले योजनाका लागि रकम नपुग हुने भएकोले सो योजनामा पालिकाबाट वजेट विनियोजन नगरेको कारण उक्त योजना निरन्तरता भएको छैन । निर्माण सुरुगरी अधुरो रहेको सो योजनामा विगतमा भएको लगानी सुरक्षित गरी योजना सम्पन्न गर्नेतर्फ पालिकाको ध्यन जानु पर्दछ ।

५६ **स्याउग्राम सञ्चालन**

सावर्जनिक निकायले नियमितता एवं प्रभावकारी हुनेगरी खर्च गरी रकम सदुपयोग गर्नुपर्दछ ।पालिकाले वडा नं. ५ स्थित ठिनीमामा स्याउ प्रशोधन गरी स्टोरेज गर्न रु.८० लाखको लगात अनुमान तयार गरी बोलपत्र भएकोमा रु.६० लाख ६ हजारमा स्याउग्राम निर्माण सम्पन्न गरी निर्माण व्यवसायीबाट हस्तान्तरण भएपनि उक्त स्याउग्राम सञ्चालन मोडालिटी एकिन नभएकोले निर्माण सम्पन्न उक्त

स्याउग्राम प्रयोगमा आएको छैन ।गत वर्ष वडा नं.४ मा निर्माण गरेको काल्डस्टोर सञ्चालन नहुँदै अर्को कोल्डस्टार थप गर्दा योजनाबद्ध लगानी भएको मान्न सकिएन। जडान भएको मेशिन सञ्चालन नै नगरी वारेन्टी अवधि समाप्त हुने अवस्था देखिएकोले लगानी रकम प्रभावकारी सदुपयोग हुनेगरी उद्धेश्य अनुरुप सो स्याउग्राम सञ्चालनमा ल्याउनु पर्दछ।

५७ **बढी भुक्तानी** (४३०-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले वडा.नं १ का सचिव नविन्द्र थकालीलाई पेस्की फछ्र्यौटको थप रकम भुक्तानी गर्दा प्रमाण कागजात एवं बिल अनुसार रु.८८,१५०/- भुक्तानी गर्नुपर्नेमा रु.९९,०००/- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.१०,८५०/- असुल उपर गर्नुपर्ने रु..

असुल गर्नुपर्ने	१०,८५०

५८ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन) निर्देशिका २०७१, दफा ४(१) अनुसार कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्वन्धित कागजातहरु तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सम्वन्धित केन्द्रिय निकाय मार्फत विभागमा पठाउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले GPS web based dynamic digital profile System खरिदबापत 4G Engeniring solution pvt.ltd लाई रु.११,२९,४३२।– भुक्तानी गरेको सूचना प्रविधि विभागबाट स्वीकृति लिएको छैन । डाटा भण्डारण तथा सुरक्षण व्यवस्थापन नभएको तथा सूचना प्रविधि लेखापरीक्षण नभएको सो सफ्टवेयरको सूचना तथा प्रविधि विभागमा दर्ता एवं स्वीकृत गराई दीर्घकालीन उपयोग गर्ने व्यवस्था गर्नुपर्दछ ।

५९ **प्रविधि हस्तान्तरण**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१(३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने भन्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष प्रविधि हस्तान्तरण कार्यक्रममा तर्फ फिनसिङ जाली उद्योगबाट रु. १,०२,५००/- को दरले २ वटा सोलर ड्रायरको मूल्य अभिबृद्धि कर सहित रु. २,०५,०००।० मा खरिद गरी जोमसोम स्याउका परिकार लघु उद्यमी समूह र स्याङ लघु उद्यमी समूहलाई वितरण गरेको छ। निर्देशिका अनुसार प्रवधि हस्तान्तरण वापत उद्यमीको योगदान २०% ले हुन आउने रकमा रु. ४१,०००।० हुनुगएकोमा पालिकाले रु.२१,०००।० मात्र घट्टाएर बिल भुक्तानी गरेको देखियो। उद्यमीबाट असुल गरि दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२०,०००

६० **कृषि तर्फ**

६०.१ **किसान सूचीकरण कार्यक्रमः** किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि २०७७, को दफा ८ मा वडा समितिले किसान सुचीकरण अभिलेख प्रमाणीकरण गरी किसानको सूची हरेक महिना प्रकाशन गर्ने तथा दफा २१ मा स्थानिय तहले आफ्नो कार्य क्षेत्रका किसानहरुलाई सूचीकरण प्रणालीमा आवद्ध गराउन सहजकर्ता परिचालन तथा घुम्ती टोली खटाई अभियान संचालन गर्नुपर्ने व्यवस्था छ ।कार्यक्रम अन्तर्गत यो वर्ष रु.२ लाख ७० हजार बजेट विनियोजन गरिएकोमा रु.१,७३,३२५।० खर्च गरेकोमा ल्यापटप खरिदमा रु.१,३८,९२५।०, सम्पर्क व्यक्ति खर्च रु.२२,९००।० र वैठक व्यवस्थापनमा रु.११,५००।० खर्च गरिएको पाइयो। किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विद्युतीय प्रणालीमार्फत सङ्कलन गरी किसान सूचीकरण गर्नु पर्नेमा ल्यापटप खरिद, बैठक भत्ता वितरण जस्ता कार्यमा खर्च गर्दा उक्त वजेट उद्धेश्य अनुरुप खर्च भएको छैन ।स्वीकृत वजेट तोकिएको कार्यमा खर्च नगर्ने कर्मचारीलाई जिम्मेवार बनाई खर्च नियमित भएको प्रमाण पेस गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	१,७३,३२५

६०.२ **पकेट विकास कार्यक्रम** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन म्यानुअलको ४.१.१२ मा स्थानीय तहले पकेट कार्यक्रम संचालनमा सहजीकरण गर्न लाभग्राहीको प्रतिनिधित्व रहने पकेट संचालन समन्वय समिति गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष पकेट विकार कार्यक्रम निरन्तरताका लागि रु.१२ लाख विनियोजन भएकोमा सम्पूर्ण रकम खर्च गरेपनि स्थानीय तहले पकेट छनौट र कार्यक्रम संचालन गर्दा जिल्लामा रहेको जोन तथा सुपरजोन विकास कार्यक्रमलाई सहयोग पुग्ने गरी पकेट कार्यक्रम निरन्तरता गरेको छैन । साथै कार्यन्वयन म्यानुअल अनुसार समिति गठन गरी सक्रिय समन्वयमार्फत कार्यक्रम प्रभावकारी बनाएको देखिएन । नीति अनुसार पकेट कार्यक्रममा सुधार गर्नुपर्ने देखिएको छ ।

६१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई १८७ जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रु.२७ लाख र विश्व बैंकको ऋण सहयोगबाट रु.४५ लाख गरी जम्मा रु.७२ लाख प्राप्त भएकोमा पालिका अन्तर्गत रहेका ५ वटै वडाहरुमा देहायका ६ योजना सञ्चालन गरी यो वर्ष २४५ जना सूचीकृत बेरोजगार श्रमिकहरुमध्ये ६५ जनालाई ६४१० दिन रोजगारी उपलब्ध गराई रु. ४८,७१,६९०।- श्रमिक ज्यालाबापत खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना हुने ज्ञान तथा सीप विकास भएको देखिंदैन। तसर्थः कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तबरले पूर्ण रोजगारीको स्थिती हासिल गर्ने दिशामा कार्य सञ्चालन गर्नुपर्दछ ।

वडा नं	योजनाको नाम	श्रमिक संख्या	रकम रु	संचालन मिति
४ र ५	याक घ्युङ दोला देखि सोचिसम्म पदमार्ग निर्माण योजना	२८	२१२८०००	२०८०।१२।०१ गते देखि २०८१।०३।०९ सम्म
१	क) चिमाङ सिंचाई मुहान देखि खेतसम्मको शाखा कुलो मर्मत सम्भार । ख) चिमाङ गाउँ देखि लक्की सम्म मोटर बाटोको झलपानी निकासको लागी नाली खन्ने	१२	९१०४८०	२०८०।०८।१४ देखि २०८० १२।३० सम्म २०८१।०१।०२ देखि २०८१।०३।०४ सम्म
२	क) मार्फा सिंचाई कुलो मर्मत कार्य ख) मार्फा आमा समूहको वृक्षारोपणमा सरसफाई तथा गह्य सुधार कार्य	१२	९१२०००	२०८१।०१।२१ देखि २०८१।०३।०७ सम्मा २०८०।१२।०१ देखि २०८१।०१।२० सम्म
३	कृषि सिँचाई कुलो मर्मत र कृषि मर्मत र कृषि गोरेटो बाटो मर्मत	१३	९२१२१०	२०८०।१२।०९ देखि २०८१।०३।११ सम्म
जम्मा		६५	४८७१६९०	

६२ भूमिगत विद्युतीकरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ क को उपनियम (९) मा एक आपसमा अन्तरसम्बन्धित भई एउटै प्याकेजमा काम गर्नु पर्ने प्रकृतिको निर्माण कार्यलाई अलग प्याकेज बना बनाइएको, लागत अनुमान अनुसार श्रमिक लागत भार पचास प्रतिशत भन्दा कम भएको निर्माण कार्य लाभग्राही समुहबाट गराउने नहुने व्यवस्था छ ।पालिकाले पुथाङ एयरपोर्टमा अण्डरग्राउण्ड विद्युतीककरणका लागि गतवर्ष रु.६४ लाख र यो वर्ष रु.१३ लाख गरी रु.७७ लाख निर्माण उपभोक्तालाई भुक्तानी गरेको छ ।मुस्ताङ्ग जिल्लामा विद्युत वितरण तथा महशुल संकलन कार्य निलगिरी सहकारी संस्थाले गर्दै आएको छ । उक्त नाफामुलक संस्थाले गर्नुपर्ने प्राविधिक रुपले जटिल भूमिगत बिद्युतीकरणको कार्य उपभोक्तामार्फत पालिकाको वजेटबाट खर्च गरेकोमा सो लागत अनुमान समेत सम्बन्धित प्राविधिकबाट तयार भएको नदेखिएले अनियमित रु....

अनियमित भएको	१३,००,०००

६३ **चिमाङ्ग महिला समुहको भवन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ अनुसार उपभोक्ता समितमार्फत निर्माण सम्पन्न भएको निर्माण कार्यको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।सोही नियमको उपनियम ११ बमोजिम लगत नराखेको सो भवन मर्मतमा गतवर्ष रु.६ लाख र यो वर्ष रु.१३ लाख ७४ हजार र किचन मर्मतमा रु.२ लाख गरी रु.१५ लाख ७४ हजार खर्च गरेको छ ।साल बसाली मर्मत कार्य गरी तयार गरेको कार्य सम्पन्न प्रतिवेदनले भवनको बास्तविक लागत खुल्ने अवस्था छैन । वार्षिक रुपमा वजेट विनियोजन गरी मर्मतसंभार हुने सो भवनको प्राविधिक बिश्लेषण नभएबाट मर्मत लागत प्रभावकारी हुने देखिदैन ।भवनको स्वामित्व र सञ्चालन जिम्मेवारी पालिकाको भए/नभएको यकिन नगरी समुहको भवन सालवसाली मर्मत गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६४ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम प्रति आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले तयार गर्ने लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदनमा निर्माण कार्यको स्पष्टता हुनेगरी ड्रइङ्ग, स्पेशीपिकेशन, सामाग्री विवरण(material Breakdown), इन्जिनियरिङ नर्म्स तथा सम्पन्न कार्य पुष्टी हुने फोटो लगायत बिवरण संलग्न गर्ने गरेको छैन । सडक तथा भवन निर्माण जस्ता निर्माण कार्यमा समेत ड्रइङ्ग संलग्न नगरेबाट बिलमा उल्लेखित परिमाण भिडान गर्ने आधार भएन । डोर हाजिर फारम प्रयोग गरेकोमा सो श्रम बिश्लेषण हुनेगरी सामाग्री विवरण लगायत पछाडिका सूचीहरु भर्ने गरेको छैन । प्राविधकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादन पुष्टि हुने गरी आबश्यक कागजात संलग्न गर्नुपर्दछ ।

६५ **उपभोक्ता समिति**

उपभोक्ता समिति परिचालन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष निम्नअनुसार ४२ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.३ करोड ६८ लाख ८१ हजार खर्च गरेको छ ।

क्र.स.	उपोभोक्ता समितिको नाम	विनियोजित	भुक्तानी रकम
१	मार्फा आमा समूहलाई शौचालय तथा सरसफाई व्यवस्थापन	२०००००	२०००००
२	चिमाङ सिँचाई कुलोको टेङ्की मर्मत	६५०००	६५०००
३	पहिरो नियन्त्रण, सम्ले-ढुम्बा	३०००००	३०००००
४	भुतिथाङमा बार लगाएर वृक्षरोपण गरि पार्क बनाउने, ठिनी	५०००००	५०००००
५	चिमाङ तारा खेल इण्डोर हलको ढल निकास	२०००००	२०००००
६	कोठ घर व्यवस्थापन	१०००००	१०००००
७	छैरों परम्परागत सिपलाई आधुनिकीकरण गर्ने योजना	२०००००	१९८५००
८	महिला उद्यमीहरुको लागि माडा, क्याण्डीसुकाउने हर्टरूम निर्माण, ठिनी	५०००००	५०००००
९	छपनी बिछ्याउने)क्रमागत(, ठिनी	४०००००	४०००००
१०	मार्फा सम्तेछियलिङ गुम्बामा शौचालय मर्मत योजना	४०००००	३९९५००
११	पर्यटन सूचना केन्द्र पार्क	२५०००००	२३८८०५८
१२	स्याङ खेतको वरिपरी तार जाली लगाउने)क्रमागत(	१०६०५००	१०६०५००
१३	थकाली म्युजियम ठिनीमा थप पुर्वाधार निर्माण	४०००००	४०००००
१४	आगो निभाउने ग्यास सिलिण्डर राख्ने कार्यक्रम	४०३५००	४०३५००
१५	छेकोङमा सिचाई ट्याङ्की तथा कुलो निर्माण योजना (स्याङ(	१००००००	१००००००
१६	छैरो आमा समूहको भवन माथि हट रुम निर्माण	५०००००	५०००००
१७	चिमाङ सिचाई मुहान जाने बाटोमा फेन्सिङ जाली निर्माण	३०००००	३०००००
१८	सपी सिचाईं योजना मर्मत, मार्फा	२०००००	०
१९	दलित समाजलाई भाडा वर्तन खरिद	१०००००	१०००००
२०	काठेपुल मर्मत योजना	१०४६२९३	९९६००१
२१	जनवाल मा.वि.को भवन स्तरोन्ती	४०००००	४०००००
२२	साबिक वडा नं ५ र ६ मा बाटो मर्मत तथा छपनि बिछयाउने	१००००००	१००००००
२३	दलित सामुदायिक भवनमा किचन सामग्री खरिद	१००००००	१००००००
२४	ज्येष्ठ नागरिक साउना तथा जाकुजी वाथ निर्माण तथाव्यवस्थापन	१३२३६७५	१३२००००
२५	पुथाङ एयरपोर्ट क्षेत्रमा भूमिगत बिद्युतलाइन व्यवस्थापन)क्रमागत(	८२५०००	८२५०००
२६	छैरो छहरा गुम्बा तथा छ्योर्टेनको मर्मत	२०००००	११५०००
२७	चिमाङ आमा समुह भवनमा अन्य पुर्वाधार निर्माण	२०००००	२०००००
२८	छैरो पुरानो स्कुल मर्मत	२०००००	१७९०००
२९	कालिगण्डकी नदी नियन्त्रण)भुपिनको घरदेखि राजुको घरसम्म(	१००००००	९९२५००
३०	भुतिथाङ सिढी बाटो निर्माण योजना	१००००००	१००००००
३१	ढुङ्गा छपनी बिछ्याउने,(ठिनी (योजना	१००००००	१००००००
३२	छैरों सिचाई कुलो निर्माण)क्रमागत(	७०००००	७०००००
३३	चिमाङ महिला समूहको भवन निर्माण	१३७३६७५	१३७३६७५
३४	स्कुलको कोठामा जस्ता छाउने योजना, ढुम्बा	४०००००	३९७५००
३५	जनवाल मा.वि.देखि भानी प्रसाद घरसम्मको स्ल्याव तथा कुलोमर्मत	७०००००	७०००००
३६	कोटघरदेखि दलितबस्ती हुदै वृक्षरोपणसम्म जाने बाटो मर्मत योजना	७०००००	६९८०००
३७	जोमसोम महिला समूह भवन निर्माण योजना	१४०००००	१४०००००
३८	पुथाङ एयरपोर्ट क्षेत्रमा भूमीगत विद्युतलाईन व्यवस्थापन)क्रमागत(	१३००००००	१३००००००
३९	ORC (गाउँ समाज भवन निर्माण (, ढुम्बा	५०००००	४५६८००
४०	जोमसोम खेतबारी भित्र सिंचाइ कुलो स्तरोन्नती	७०००००	७०००००
४१	सल्ला रूखबाट कृषि सडकको अधुरो काम सम्पन्न गर्ने योजना, ठिनी	३०००००	३०००००
४२	थकाली म्युजियमलाई संचालन गर्ने योजना, ठिनी	४०००००	४०००००
	जम्मा	**३८६९७६४३**	**३८१६८५३४**

स्वीकृत कार्यक्रम मध्ये सपी सिचाईं योजना मर्मत, मार्फा कार्यान्वियन नगरेको तथा ५ योजना क्रमागत रुपमा नियमित सञ्चालन गरिएका योजनाहरु रहेको छन् ।केही योजना बाहेक सबैले वजेट अनुसार नै खर्च विवरण पेस गरेका छन् । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन् ।

६५.१ **कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम (२क) मा निर्माण कार्यको कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२५ को उपनियम (२) मा निर्माण कार्य सम्पन्न भई त्रृटी सच्याउने दायित्वको अवधी सम्पन्न भएपछि त्यस्तो निर्माण कार्य तोकीए बमोजिम भए नभएको सम्बन्धित प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका सम्पूर्ण निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन नदिई सिधै कार्य सम्पन्न प्रतिवेदन जारी गर्ने गरेको छ । निर्माण कार्यको त्रृटी सच्याउने अवधि समाप्त भएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी संरचनाहरुको यथार्थता एकिन गर्नु पर्दछ ।

६५.२ **निर्माण लगत ;** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेस गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखाङ्कन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखाङ्कन गर्ने गरेको छैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखाङ्कन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ ।

६५.३ **उपभोक्ता समितिको योगदानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) अनुसार उपभोक्त समितिबाट गराउँने काम वा सेवाको प्रकृति, लाग्ने समय, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकमको सम्मन्धमा उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट गराउँने कार्यमा लागत अनुमान बनाउँदा योजनाका लागि स्वीकृत रकमका आधारमा लागत अनुमान तयार गर्ने र वजेट भन्दा बढी भएको रकमलाई योजनाको कुल लागतमा उपभोक्ता समितिको अंश वा योगदान तोकिदिने गरेको छ ।दलित समुह मार्फालाई रु.१ लाखको कुकर, डाडुपन्यू लगायत भाडावर्तका सामाग्री खरिद गर्ने देखि भूमिगत विद्युतीकरण लगायत समेतमा उपभोक्ता परिचालन भएको छ ।सिधै खरिद गर्न सकिने सामान देखि जटिल संरचना निर्माणसम्म उपभोक्ता समितिहरु परिचालन गरेकोमा उपभोक्ताको योगदानमा एकरुपता देखिएको छैन ।काठे पुल देखि रिजालको पसलसम्मको बाटो मर्मतमा रु.१० लाखको योजनामा युक्ति कन्स्ट्रक्सन र एस.एस निर्माण सेवाबाट बाटी सम्याउने तथा गिटी सप्লाई गरेको विल राखि उपभोक्तालाई भुक्तानी गरेको छ । योजनाहमा उपभोक्ताको अंश प्रतिशतमा निर्धारण गरी निर्माण कार्यमा उपभोक्ताको योगदान रकम स्पष्ट तोकी लागत अनुमान तयार गरी संझौतामा उल्लेख गर्नुपर्दछ।

६५.४ **हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्व घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

६५.५ **सार्वजनिक सूचना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी तोकिएका योजना अनुसार उपभोक्ता समिति गडन गर्न लगाई उपभोक्ता समितिबाट सम्झौताका लागि निवेदन पेस भएको आधारमा सम्झौता गरी कार्य सम्पन्न गर्ने गरेको छ ।

यसबाट खरिद ऐन, नियमले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन । प्रस्तावनामार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

६५.६ **उपभोक्ता परिचालन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७क को उपनियम (१) मा जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने, स्थानीय स्रोत साधन र सीप उपयोग गर्ने, रोजगारीको अवसर सिर्जना हुने काम प्रतिशपर्धामार्फत उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष दलित समाज, मार्फाको प्रेशर कुकर, राइसकुकर, स्टिल गिलास, थाल, कचौरा लगायत खरिद कार्यसमेत उपभोक्ता समिति बनाई खरिद कार्य गरेको, पुथाङ एयरपोर्टमा भूमिगत विद्युतीकरण जटील संरचना निर्माण उपभोक्ताबाट गरेको, काठेपुल देखि रिजालको पसलसम्मको बाटो निर्माणमा युक्ती कन्स्ट्रक्सनको एक्साभेटर बिल राखि उपभोक्तालाई भुक्तानी गरेको देखिदा नियमावलीको पालना भएको छैन ।उपभोक्ताले गर्ने भनि नियमानुसार तोकिएको काममात्र उपभोक्तामार्फत गराउनु पर्दछ ।

६५.७ **सिमेन्ट खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ ।पालिका र याकधुङ झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसँग भएको सम्झौतामा उल्लेखित लागत अनुमानमा रु.९२०।० का दरले २१५ बोरा सिमेन्ट राखेकोमा उपभोक्ता समितिले रु.६२०।० मा २६५ बोरा खरिद भएको बिल भर्पाई अनुमोदन गराई पालिकामा पेस भएको पाइयो ।अन्य कामको नाँपजाच सम्झौता बमोजिम भएको अवस्थामा थप ५० बोरा सिमेन्ट प्रयोग हुने प्राविधिक पुष्ट्याई नहुनुका साथै विल समेत संलग्न नभएकोले असुल गर्नुपर्ने रु.३५०३०।-

असुल गर्नुपर्ने	३५,०३०

६६ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत सम्म समावेश गर्न सकिने व्यवस्था छ। पालिकाले कन्टिन्जेन्सी बापत रकम कट्टा गरी खर्च गरे पनि योजनागत विवरण देखिने गरी अभिलेख राखेको छैन। संघ र प्रदेश, प्रदेश र स्थानीय तीनवटै सरकारको सञ्चित कोष हिसाव फरक रहेपनि बोलपत्र सूचना प्रकाशन लगायत कन्टिन्जेन्सी खर्च गर्दा योजनागत रुपमा स्रोतगत खर्च नगरी सङ्घीय सरकारको कन्टेन्जेन्सीबाट खर्च गरेको छ ।योजनागत खर्च लेखाङ्कन गरी कन्टेन्जेनसी खर्चको अभिलेख अद्यावधिक हुने व्यवस्था गर्नु पर्दछ ।

६७ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।पालिकाले सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु. १,८२,२४,६५०।– खर्च लेखेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

६७.१ **भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम त्रैमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो त्रैमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र, तेश्रो त्रैमासिकको भत्ता रकम बैशाखको दोश्रो हप्ता र चौथो त्रैमासिकको भत्ता रकम असार दोस्रो हप्ता भित्र वितरण गरी सक्नुपर्नेमा गाउँपालिकाले प्रथम त्रैमासिकको भत्ता २०८० असोज २६ गते, दोश्रो त्रैमासिकको भत्ता २०८० माघ ८ गते, तेश्रो त्रैमासिकको भत्ता २०८१ बैशाख २० गते र चौथो त्रैमासिको भत्ता २०८१ असार १६ मा बैंकलाई निकासा गरेको देखिन्छ । पालिकाले पहिलो र दोस्रो त्रैमासिकमा वडा नं. १,२ र ३ का लागि

माच्छापुच्छ्रे बैंकसँग र वडा नं ४ र ५ का लागि प्रभु बैंकसँग सामाजिक सुरक्षा भत्ता भुक्तानी गरेको छ भने तेस्रो र चौथो त्रैमासिकमा विद्युतीय माध्यम भुकतानी (EFT) मार्फत भुक्तानी गरेको देखियो। कार्यविधिले तोकेको समयावधि भित्र भत्ता वितरण हुनुपर्दछ।

६७.२ **लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंकमार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण क्रममा MIS मा कुल २१ जनाको (११ बालबालिका र १० को मृतक) लगत कट्टा गरेको देखियो तर एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएको १५ जना लाभग्राहीको लगत कट्टा गरेको देखिएन।पालिकाले कार्यविधि अनुसार लगत अद्यावधिक गर्नु पर्दछ।

६७.३ **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।

६७.४ **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।

६७.५ **सामाजिकअनुगमन तथा सुपरिवेक्षणः** सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनुपर्ने देखिन्छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : घरपझोङ गाउँपालिका, मुस्ताङ , घरपझोङ गाउँपालिका , मुस्ताङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बेदहरि अधिकारी	२०८०-६-५	हाल सम्म कार्यरत
लेखा प्रमुख	आशिष भण्डारी	२०७८-१-२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
९०,५०५	२,७००,०००	११,११७,५१६	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१३,९०८,०२१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१३,९०८,०२१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९७७६४१७३.०३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	१९९०९८०००	**चालु खर्च**	१५५१२५५४६.२९
प्रदेश सरकारबाट अनुदान	११०१४९००	**पूँजीगत खर्च**	७९५७६६०१
राजश्व बाँडफाँट	३९४२७२९०.०४	**वित्तीय/अन्य व्यवस्था**	४०४६९२०४.०५
आन्तरिक आय	११४६०४०२.६४		
अन्य आय	२६४६५७२५.९८		
कुल आय	२८७४६६३१८.६६	**कुल खर्च**	२७५१७१३५१.३४
बाँकी मौज्दात		११००५९१४०.३५	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।